त्रिपुरासुन्दरी नगरपालिका

# स्थानीय राजपत्र

वर्ष ५ खण्ड: १ संख्या: २ मिति: २०७९/०३/२३

**भाग-१**

त्रिपुरासुन्दरी नगरपालिका

## करार कर्मचारी सम्बन्धी ऐन,२०७९

## करार कर्मचारी सम्बन्धी ऐन,२०७९

सभाबाट स्वीकृत मिति: २०७९/०३/१२

**प्रस्तावना:**त्रिपुरासुन्दरी नगरपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ ले प्रदान गरेको अधिकार अनुरुप प्रशासकीय संगठन र कर्मचारी दरबन्दी सम्बन्धी यस नगरपालिकामा आवश्यक कर्मचारी करार सम्झौताका आधारमा करार कर्मचारी सेवा करारमा लिने र उक्त कार्यलाई नियमित र व्यवस्थित गर्नका लागी नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ (१) बमोजिम त्रिपुरासुन्दरी नगरसभाले यो ऐन, जारी गरेको छ ।

१ **संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम: **करार कर्मचारी सम्बन्धी ऐन, २०७९ रहनेछ** ।

(२) यस ऐन स्थानिय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२ **परिभाषा:** विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यसऐनमा

(क) 'प्रमुख' भन्नाले नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

(ख) 'ऐन' भन्नाले त्रिपुरासुन्दरी नगरपालिकाको करार कर्मचारी सम्बन्धि ऐन, २०७९' सम्झनु पर्दछ ।

(ग) 'कार्यपालिका' भन्नाले त्रिपुरासुन्दरी नगरपालिकाको नगर कार्यपालिकालाइ सम्झनु पर्दछ ।

(घ) 'नगरपालिका' भन्नाले त्रिपुरासुन्दरी नगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) 'सभा' भन्नाले त्रिपुरासुन्दरी नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

(च) 'उपप्रमुख' भन्नाले त्रिपुरासुन्दरी नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले त्रिपुरासुन्दरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ज) 'कार्यालय' भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(झ) करार कर्मचारी भन्नाले यसऐन अन्तर्गत करार गरी करारीय सेवामा रही सेवा उपलब्ध गराउने कर्मचारी सम्झनु पर्दछ ।

(ञ) 'समिति' भन्नाले दफा ५ बमोजिम गठित परीक्षा समिति सम्झनु पर्दछ ।

**३. सङ्गठन संरचना कायम गर्नु पर्ने:**

(१) नगरपालिकाको आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार,स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षेणका आधारमा नगरपालिकामा विषयगत शाखा वा महाशाखा रहेको सङ्गठन संरचना कायम गर्नु पर्नेछ ।

(२) उपदफा: (१) बमोजिमको सङ्गठन संरचनामा हरेक वडाको सङ्गठन संरचना समेत समावेश भएको हुनु पर्नेछ ।

**४. करारमा कर्मचारी नियुक्त गर्न सक्ने:**

(१) प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाको अधिकारक्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थानीय प्रकृतिको कामको

लागी आवश्यक पर्ने तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्दा स्थानीय कर्मचारीको लागी चाहिने तलब भत्ता, सञ्चयकोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निवृतिभरण,बिदा तथा औषधि उपचार जस्ता सेवा सुविधाको लागी लाग्ने खर्च ब्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यसको खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दरबन्दीको प्रस्ताव तयार गर्दा सेवा करारको लागी चाहीने तलब भत्ता, तथा योगदानमा आधारीत समाजिक सुरक्षा जस्ता सेवा सुविधाको लागी लाग्ने खर्च ब्यहोर्ने स्रोत समेत विश्लेषण गरी त्यसको सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नु पर्नेछ ।

(४) नगरपालिकाले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक पर्ने भई सेवा करारबाट कार्यसम्पादनगर्दा गराउँदा उपयुक्त र प्रभावकारी हुने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्न गराउन सकिनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भए तापनि नगरपालिले नगर प्रहरी, सवारी चालक,सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्टिसियन, चौकीदार, माली, बगैचे, र सरसफाइ सम्बन्धि पदमा स्थायी पदपुर्ति नगरी प्रतिस्पर्दाको आधारमा सेवा करारबाट मात्र लिनु पर्नेछ । सो बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपुर्ति गर्न पाईनेछैन ।

(६) यस दफामा अन्यत्र जुन सुकै कुरो उल्लेख भएको भए तापनि संघिय तथा सामान्य प्रशासन मन्त्रालयका साथै यस नगरपालिका द्वारा सृजना गरी स्वीकृत गरिएका दरबन्दी (स्वास्थ्य, कृषि, पशु, प्राविधिक, कम्प्युटरअपरेटर, सामाजिक परिचालक र अन्य क्षेत्रमा केन्द्र बाट सृजित आदि) अनुसारका पद रिक्त रहेको खण्डमा स्थायी



CamScanner

रुपमा पद पुर्ति नहुन्जेल वा केन्द्रीय निकायबाट अर्को व्यवस्था नहुन्जेल सम्मका लागी प्रतिस्पर्धाको आधारमा करारबाट पद पुर्ति गरिनेछ ।

(७) उपदफा (५) र (६) बमोजिम सेवा करारबाट नियुक्त गरिएका कर्मचारीको सेवा अवधि पारिश्रमिक तथा अन्य सेवा सुविधा सोही करारमा उल्लेख भए बमोजिम हुनेछ ।

(८) यस दफा बमोजिम तयार गरिएको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सभाबाट स्वीकृत गराउनु पर्नेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भएतापनि स्थानीय तहको सेवा सञ्चालनको लागि अस्थायी दरबन्दी सिर्जना गर्न सकिने छैन ।

## ५. छनौट सम्बन्धी व्यवस्थाः

१) दफा ४ बमोजिम कार्यालयले करार कर्मचारी करारमा राख्ने प्रयोजनको लागीपरीक्षा सञ्चालनसम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२) करार कर्मचारी माग, पद संख्या, अंक प्राप्त, अंक भार सम्बन्धि व्यवस्था त् तोकिए बमोजिम हुनेछ ।

## ६. परीक्षा समितिः

(१) माग पद संख्याका आधारमा उच्चतम अंक प्राप्त गरेका उम्मेद्वारलाई प्रारम्भिक छनौट गर्न र अन्तर्वाता समेत लिई सूचिकरणको सिफारीस गर्न देहायको परिक्षा समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी संयोजक

(ख) संयोजकले तोकेको विषय विज्ञको रुपमा सरकारी सेवाको अधिकृत स्तरको कर्मचारी सदस्य

(ग) नगरपालिकाको विषयगत शाखा प्रमुख सदस्य

६. (१) दफा ६ बमोजिमको समितिको सचिवालय सम्बन्धि सम्पुर्ण कार्य कर्मचारी प्रशासन शाखाले गर्ने छ ।



CamScanner

७. **सूचिकरणको विवरण प्रकाशन गर्ने:**सूचिकरणको विवरण प्रकाशन गर्ने प्रक्रियार मापदण्ड तोकिए बमोजिम हुनेछ ।

८. **करार, कार्य शर्त, पारिश्रमिक, सेवा अवधिः**

(१) प्रकृया बमोजिम सेवामा नियुक्ति पाउने ब्यक्ति सँग करार गरी कार्य सर्त,पारिश्रमिक,सेवा अवधी,करार समाप्ती आवश्यक सम्पुर्ण कुरा खुलाई करार गर्नु पर्नेछ ।

२) करार,कार्यशर्त, पारिश्रमिक, सेवा अवधि, करार समाप्ती र सुनुवाईको अवसर सम्बन्धि ब्यवस्था तोकिएबमोजिम हुनेछ ।

९. **पुरस्कार तथा प्रोत्साहनः** करारमा नियुक्त कर्मचारीले जिम्मेवारी पालनाको सिलसिलामा प्रशंसनिय कार्य गरेमा त्यस्तो कर्मचारीलाई पुरस्कार तथा प्रोत्साहनस्वरुप रकम वा अन्य सुविधा उपलब्ध गराउन सकिनेछ ।

१०. **दण्ड सजायः** करारमा नियुक्त कर्मचारीले जिमम्मेवारी पालनाको शिलशिलामा कार्यालयको गोपनियता भंग गरेमा,अनुशासन उलंघन गरेमा, समय तथा नियम कानुनको पालन नगरेको खण्डमा जुनसुकै बखत करार सम्झौता भंग गरी सेवा बाट हटाउन सकिनेछ ।

११. **चाडपर्व खर्च पाउनेः** करारमा नियुक्त कर्मचारीले सेवा करारमा उल्लेख भए बमोजिमको एक महिनाको तलब बराबरकोरकम प्रत्येक बर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ ।

१२. **थप ब्यवस्थाः** करार कर्मचारीको सेवा, शर्त, सुविधा र सञ्चालन यस ऐन, अन्तर्गत बनेका नियमावली,कार्यविधि, र गरिएको करारमा ब्यवस्था भएकोमा यसै बमोजिम हुनेछ, थप ब्यवस्था नभएका विषयहरुको हकमा कार्यपालिकाले निर्णय गरे बमोजम हुनेछ ।

१३. **ऐन संशोधनः** यस ऐनमा आवश्यक संशोधन नगरपालिकाको नगरसभाले गर्न सक्नेछ ।



CamScanner

१४. **नियम, निर्देशिका,कार्यविधि र मापदण्ड बनाउने अधिकारः** यस ऐनलाई कार्यान्वयन गर्नको लागी कार्यपालिकाले आवश्यक नियम,निर्देशिका, कार्यविधि र आचारसंहिता बनाई लागु गर्न सक्नेछ ।

१५. **बचाउः** करार कर्मचारी सम्बन्धि यस अघि भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

प्रमाणिकरण मिति २०७९/०३/१५

राजपत्रमा प्रकशित मिति २०७९/०३/२३

**आज्ञाले**
लालप्रसाद पोखरेल
नि.प्रमुख प्रशासकीय अधिकृत



CS CamScanner